आज मिति २०७७/०५/१५ गतेका दिन विहान ८:०० बजे धनगढी उप-महानगरपालिका का नगर प्रमुख श्री नृप वहादुर वड ज्युको अध्यक्षतामा कार्यपालिकाको बैठक देहायको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णयहरु गरियो ।

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री नृप वहादुर वड | नगर प्रमुख | |
| २ | श्री सुशीला मिश्र भट्ट | नगर उप- प्रमुख | |
| ३ | श्री सन्तोष मुडभरी | कार्यपालिका सदस्य | |
| ४ | श्री नर वहादुर बम | कार्यपालिका सदस्य | |
| ५ | श्री वल वहादुर ऐर | कार्यपालिका सदस्य | |
| ६ | श्री दिपक कुमार थापाक्षेत्री | कार्यपालिका सदस्य | |
| ७ | श्री हिरा सिंह पातली | कार्यपालिका सदस्य | |
| ८ | श्री भागीराम चौधरी | कार्यपालिका सदस्य | |
| ९ | श्री सिताराम राना | कार्यपालिका सदस्य | |
| १० | श्री नारायण प्रसाद वराल | कार्यपालिका सदस्य | |
| ११ | श्री प्रेम भण्डारी | कार्यपालिका सदस्य | |
| १२ | श्री राजेन्द्र राना | कार्यपालिका सदस्य | |
| १३ | श्री गंगा राम राना | कार्यपालिका सदस्य | |
| १४ | श्री गणेश प्रसाद जोशी | कार्यपालिका सदस्य | |
| १५ | श्री विजय राज जोशी | कार्यपालिका सदस्य | |
| १६ | श्री राम वजारी चौधरी | कार्यपालिका सदस्य | |

| | | | |
|---|---|---|---|
| १७) | श्री फुल राम चौधरी | कार्यपालिका सदस्य | |
| १८) | श्री लक्ष्मी नारायण चौधरी | कार्यपालिका सदस्य | |
| १९) | श्री माधव राना | कार्यपालिका सदस्य | |
| २०) | श्री मुरारी अधिकारी | कार्यपालिका सदस्य | |
| २१) | श्री तिलु राम चौधरी | कार्यपालिका सदस्य | |
| २२) | श्री सिता राना | कार्यपालिका सदस्य | |
| २३) | श्री वसन्त कुमार ठाकुर | कार्यापालिका सदस्य | |
| २४) | श्री कल्याणी सिंह | कार्यापालिका सदस्य | |
| २५) | श्री गीता पन्त | कार्यपालिका सदस्य | |
| २६) | श्री यशोदा भण्डारी | कार्यपालिका सदस्य | |
| २७) | श्री प्रेम वहादुर वि.क. | कार्यपालिका सदस्य | |
| २८) | श्री रिष्मी देवी चौधरी | कार्यपालिका सदस्य | |
| २९) | श्री प्रेम सिह विश्वकर्मा | कार्यपालिका सदस्य | |
| ३०) | श्री नारायण प्रसाद सापकोटा | प्रमुख प्रशासकीय अधिकृत | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

निर्णय न. १

धनगढी उपमहानगरपालिका अन्तर्गत आ.ब. ०७७/०७८ को लागि निर्माण सामाग्री, ज्याला दररेट, भाडा लगायत अन्य दररेटहरू स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय न.२

स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ९ को दफा ६२(क) अनुसार यस नगरपालिकाले आफ्नो क्षेत्र भित्र भएर बग्ने IEE गरेका र घाटगद्दी तोकिएका नदी/खोलाहरूबाट ढुंगा, गिट्टी, बालुवा, भरान, ग्राभेल, आदीको कुल संकलन घन मि.२६०८१६। मात्र (बिक्री प्रति घन मिटर रू.७५। भ्याट बाहेक) नदीजन्य पदार्थ बिक्री गर्न आ.व.०७७/०७८ का लागि रू १,९६,००,०००। न्युनतम रकम तोकी बढाबढको लागि प्रकाशित गरिएको सूचनालाई अनुमोदन गरियो ।

निर्णय न.३

नदीजन्य पदार्थको बिक्रीका लागी प्राबिधिक समितिले सिफारिस गरी नगर प्रमुखबाट स्वीकृत कार्यसूची बमोजिम धनगढी उपमहानगरपालिका क्षेत्रको सीमाभीत्र बग्ने बिभिन्न नदी, खोला,नदी घाटको परामर्शदाता बाट IEE गराई कार्यालय मार्फत पेश गरिएको IEE को प्रारम्भिक प्रतिबेदन २०७७ माथि छलफल गरी स्वीकृत गरीयो ।

निर्णय न.४

तरकारी तथा फलफुल जन्य बस्तुहरूको टेन्डर सूचनामा एक आ.ब.का लागि हुनेछ भन्ने प्रावधान रहेको र उक्त ठेक्का समयमा सम्झौता हुन नसकेकोले ठेक्का सम्झौता भएको मितिले एक बर्ष कायम गर्ने गरी कार्यान्वयन गराउन अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

निर्णय न.५

निर्माण व्यवसायको छाता संगठनमा प्राबिधिक जनशक्ति नभएकोले 'घ' बर्गको निर्माण व्यवसायको नया इजाजतपत्र सम्वन्धी व्यवस्थाको सिफारिस समितिमा निर्माण व्यवसाय संघको प्रतिनिधि रहने व्यवस्था रहेकोमा हाल आएर नगरपीलकाले मेकानिकल ईन्जिनियर (सब ईन्जिनियर) योग्यताको कर्मचारी करारमा राखेकोले निर्माण व्यवसाय संघको प्रतिनिधिको सट्टामा यस कार्यालयमा कार्यरत मेकानिकल सब ईन्जिनियरलाई राख्ने निर्णय गरियो ।

निर्णय नं. ६

धनगढी उप-महानगरपालिका वडा नं. १, कभर्डहललाई होल्डिङ्ग तथा क्वारेन्टाइन सेन्टरको रुपमा प्रयोग गर्ने निर्णय गरियो।

**निर्णय नं. ७**

संस्सकृति, पर्यटन तथा नागरिक उड्यन मन्त्रालयको मिति २०७७/०५/०२ मा प्रकाशित सूचना अनुसार प्रदेश र स्थानीय तहमा पर्यटन पूर्वाधार तथा पर्यटन उपज विकास साँझेदारी गर्न आयोजना/ कार्यक्रम प्रस्ताव आव्हान गरिए अनुसार आ.व. ०७७/०७८ र ०७८/०७९ का लागी यस उप-महानगरपालिका भित्र पर्ने देहाय बमोजिम योजना तथा कार्यक्रमहरु स्वीकृत निर्देशिका बमोजिम माग गर्ने निर्णय गरीयो।

**तपशिल :**

**आ.व. ०७७/०७८ का लागी**

१. नेतुवा तालको पानी निकास सहितको Water Park निर्माण वा.न. ३

२. जोखर ताल संरक्षण तथा पर्यटन विकास योजना वा.नं. ७

**आ.व. ०७८/०७९ का लागी**

१. शिवपुरी धाम धार्मिक पर्यटन पूर्वाधार विकास कार्यक्रम वा.नं. ४

२. वेहडा बाबा, महादेवा ताल संरक्षण तथा पदमार्ग निर्माण योजना

३. वेलाधाम ताल संरक्षण तथा पूर्वाधार विकास योजना

**निर्णय नं. ८**

संस्कृती, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले प्रदेश र स्थानीय तहमा पर्यटन पूर्वाधार तथा पर्यटन उपज विकास साँझेदारी कार्यक्रमका लागी प्रस्तावित योजनाका लागी नगरपालिकाबाट व्योहोरिने साझेदारी रकम भैपरी आउने पुजिगत (विभिन्न संघ संग साझेदारी कार्य संचालन गर्ने काम का लागी) खर्च शिर्षक नं. ३१५११ बाट ब्यहोर्ने निर्णय गरियो।

**निर्णय नं. ९**

सामाजिक सुरक्षा भत्ता वितरणको लागी एक वडा एक बैंक भन्ने नेपाल सरकारको नीति अनुसार यस धनगढी उप-महानगरपालिका वडा नं. ३, का सामाजिक सुरक्षा भत्ता प्राप्त पर्ने सम्पूर्ण लाभग्राहीहरुको भत्ता सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम १० को उप नियम ५ बमोजिम धनगढी उप-महानगरपालिका वडा नं. २ चौराह स्थित गुडविल फाईनान्स कम्पनी लि. धनगढी कैलाली मार्फत वितरण गर्ने निर्णय गरियो।

**निर्णय नं. १०**

यस धनगढी उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालयमा कार्यरत साविकमा नगरपालिकामा कार्यरत र साविक जि.वि.स. कैलालीबाट समायोजन भै आएका कर्मचारीहरुको लागी यस नगरपालिकाको पाँचौ नगर शभाले पारित प्रोत्साहन सुविधा संबन्धि ऐन, २०७७ अनुसार नियामानुसार प्रोत्साहन सुविधा लिएका कर्मचारीहरुको आ.व. ०७७/०७८ को लागि तलवी प्रतिवेदन (०७७/०४/०१ देखी २०७८ असार मसान्त सम्म) संबन्धमा व्यापक छलफल गरीयो। साथै तपशिल बमोजिमको तलवी प्रतिवेदनको संपूर्ण जिम्मेवारी र उत्तरदायित्व यस नगर- कार्यपालिकाले लिने गरी स्वीकृत गरी सो अनुसार कार्यान्वयन गर्न नगर - कार्यपालिकाको कार्यालयका भुक्तानी लेख्ने अधिकारीलाई अख्तियारी दिने निर्णय गरीयो।

निर्णय नं. ११

आ.व. ०७६/०७७ को अवधिमा खुल्ला प्रतिष्पर्धा गराई सेवा करारमा लिइएका जनशक्तिहरु नियमानुसार सेवा करार गरी काममा लगाइएकोमा लोक सेवा पास गरी अन्यत्र गएकाले नगरपालिकाको विकास निर्माण काममा बाधा पर्न गएको साथै यस पूर्वको मिति २०७६/०७/२७ गतेको कार्यपालिका वैठकको निर्णय नं. १ को १(क) र १(ख) ले रिक्त हुन आएमा सेवा करारको प्रतिष्पर्धा जाँचमा प्रतिक्षा सूचीमा रहेका व्यक्तिहरुबाट क्रमश: वैकल्पिक योग्यता क्रमको सूची अनुसार सेवा करारमा लिई काममा लगाउने भनी गरिएको निर्णयानुसार तपशिल अनुसारका प्रतिक्षा सूचीका उम्मेदवारलाई निम्न बमोजिमको सेवामा तोकिए बमोजिमको सेवा सुविधा उपलब्ध गराई काममा लगाउने निर्णय गरीयो ।

| नाम | विज्ञापन नम्बर | हाल तोकिएको काम/पद | सेवा सुविधा |
|---|---|---|---|
| दान बहादुर धामी | ४/२०७६/०७७ | सब-इन्जिनियर | प्रचलित नियमानुसार |
| धर्म राज जोशी | ४/२०७६/०७७ | सब-इन्जिनियर | प्रचलित नियमानुसार |
| प्रदीप पंगाली | ७/२०७६/०७७ | असिष्टेन्ट सब-इन्जिनियर | प्रचलित नियमानुसार |